# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, जेठ १५ गते २०५८ साल (संख्या ७

## भाग ३

श्री ५ को सरकार

### भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

#### सूचना १

श्री ५ को सरकारले खण्ड ४९, अतिरिक्ताङ्क ४४ (क), मिति २०५६ फागुन २ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित जग्गा दर्तासम्बन्धी समितिको कार्यावधि समाप्त भएको मितिले पुनः छ महिना कार्यावधि थप गरी सो समितिले साविकको कुडिया (कल्याणनगर कुडिया) र गुठी प्रसौनी गाउँ विकास समिति अन्तर्गत नाप नक्सा भएका हालका बैदौली र त्रिवेणी सुस्ता गाउँ विकास समिति अन्तर्गतका क्षेत्रमा समेत काम गर्ने गरी कार्यक्षेत्र थप गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

#### सूचना २

श्री ५ को सरकारले खण्ड ५०, अतिरिक्ताङ्क ४३, मिति २०५७ मंसीर १२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना ३ अनुसार साविक नम्बरी जग्गा दर्ता गर्ने प्रयोजनार्थ गठित समितिको कार्यावधि समाप्त भएको मितिले बढीमा तीन महिनासम्मको लागि कार्यावधि थप गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले,
केशवराज राजभण्डारी
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

122

## श्री ५ को सरकार

# अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ४४ ले दिएको अधिकार प्रयोग गरी विद्युतीय माध्यमबाट निकासी वा पैठारी हुने सबै प्रकारका व्यापारिक कार्यलाई भन्सारको प्रयोजनको लागि निकासी वा पैठारी भएको मानिने तथा यस्तो कार्यको लागि निकासी वा पैठारी सम्बन्धी प्रज्ञापनपत्र भर्न नपर्ने र सो सम्बन्धमा नेपाल राष्ट्र बैंकलेभुक्तानी प्राप्त गरेको प्रमाणित कागजात पर्याप्त हुने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोद कुमार कार्की
सह सचिव

मुद्रण विभाग, सिंहदरबार



अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

124

# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५७ चैत्र २१ को निर्णयानुसार मन्त्रिपरिषद् सचिवालयका सचिव श्री विद्युतराज चालिसेले आफू अस्वस्थ भएको कारण दर्शाई निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम श्री ५ को सरकारको निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन सोही ऐन बमोजिम, मिति २०५७ चैत्र २१ देखि लागू हुने गरी, स्वीकृत गरिएको छ ।

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार

आधिकारिक रुपमा मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।